# धितोपत्र बजार तथा कमोडिटी फ्यूर्चस् बजार सम्बन्धी उत्कृष्ट शोधपत्र (Thesis) लाई पुरस्कृत गर्ने सम्बन्धी नेपाल धितोपत्र बोर्डको सूचना

नेपाल धितोपत्र बोर्डको रजत जयन्ती वर्षको अवसरमा स्नातकोत्तर तथा एमफिल तहका विद्यार्थीहरुले तयार गरेको धितोपत्र बजार (Securities Market) तथा कमोडिटी फ्यूर्चस् बजार (Commodity Futures Market) सम्बन्धी शोधपत्र (Thesis) मध्ये उत्कृष्ट तीन शोधपत्रलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको सम्बन्धित सम्पूर्ण शोधकर्ताहरुलाई जानकारी गराउँदछौ । स्नातकोत्तर तथा एमफिल तहको धितोपत्र बजार तथा कमोडिटी फ्यूर्चस् बजार सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने उद्देश्यले हुन लागेको देहाय अनुसारको शर्त तथा नियम बमोजिमको यस कार्यक्रममा इच्छुक शोधकर्तालाई सहभागिताका लागि आव्हान गरिन्छ ।

**शर्त तथा नियमहरु**

- अध्ययनका उद्देश्यहरु तथा अध्ययनले सम्बोधन गरेका मुद्दाहरु (Issues) को स्पष्टता तथा सार्न्दभिकता, अध्ययनका लागि उपयोग गरिएको विधिको उपयुक्तता तथा स्तरीयता, जानकारी तथा तथ्याङ्को विश्लेषण, अध्ययनको निष्कर्ष तथा धितोपत्र बजार र कमोडिटी फ्यूर्चस् बजार सम्बन्धी सिद्धान्त तथा अभ्यासमा हुनुपर्ने सुधारका लागि दिइएको सुझाव स्पष्ट हुने गरी आर्थिक वर्ष २०७४।७५ मा सम्पन्न गरिएको मौलिक शोधपत्रहरुलाई प्राथमिकता दिइने छ ।
- प्रतियोगिताको लागि शोधपत्र पेश गर्दा सम्बन्धित सुपरीवेक्षक तथा क्याम्पस/संकायको सिफारिस संलग्न गरी शोधकर्ताले निवेदन सहित यस बोर्डमा पेश गर्नुपर्ने छ । साथै, प्रतियोगी विद्यार्थीले उक्त निवेदनमा आफ्नो नाम, ठेगाना, मोबाइल नं., क्याम्पसको नाम तथा ठेगाना समेत स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
- शोधपत्र तथा माथि उल्लेखित अन्य कागजात **२०७५।०१।१५** सम्म बोर्डको नीति, अनुसन्धान तथा योजना महाशाखामा पेश गर्नुपर्ने छ । प्रतियोगीले कुरियर वा स्वय् उपस्थित भई तल उल्लेखित ठेगानामा बुझाउन सकिने छ ।
- उत्कृष्ट तीन शोधपत्रलाई बोर्डको २६ औं वार्षिकोत्सव समारोहमा पुरस्कृत गरिनेछ ।
- थप जानकारीका लागि बोर्डको फोन नं. ०१-५५४१०५७ मार्फत् अनुसन्धान तथा सूचना प्रविधि शाखामा सम्पर्क गर्न सकिने छ ।

साथै, यस सम्बन्धी सूचना शोधकर्ता विद्यार्थीहरु समक्ष प्रवाह गरिदिनुहुन सम्बन्धित सम्पूर्ण क्याम्पस तथा अन्य सम्बन्धित पक्षहरुलाई अनुरोध गरिन्छ ।

**नीति, अनुसन्धान तथा योजना महाशाखा**
**सुपरिवेक्षण तथा अनुसन्धान विभाग**
**नेपाल धितोपत्र बोर्ड**
**पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर**
**फोन नं.: ०१-५५४१०५७ ।**